का.जि.प्र.का.द.नं. १००/०५९/६०

१५ चैत २०७९,
बुधबार
29 March 2023,
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २१, अंक ६३ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com



# बिन्दास ओली

संघदेखि प्रदेशसम्म सबैतिर सत्ताबाट च्युत भएको बेला निराश नभएर जनताको बीचमा गएका एमाले अध्यक्ष ओलीले राजनीतिमा आवेग मात्रै हुँदैन भन्ने प्रस्ट्याइरहेका छन् ।

अर्घाखाँचीको मसुरपाटा (सेल्फी डाँडा)मा श्रीमती राधिका शाक्यका साथमा अध्यक्ष केपी शर्मा ओली । तस्विर : बालकोट

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १४ चैत ।

नेकपा एमाले मिसन ग्रासरुट अभियानमा छ । अभियानका क्रममा देशका बिभिन्न भूभाग पुगिरहेका छन् एमाले अध्यक्ष केपी शर्मा ओली ।

पाँच वर्ष पछिको चुनावमा एमाले एक्लैले ५१ प्रतिशत मत पाउने वातावरण बनाउने भन्दै मिसन ग्रासरुट अभियानमा निस्केका ओली वाक कला र व्यवहारमार्फत नेता/कार्यकर्ता र जनतालाई प्रभावित पार्ने प्रयास गरिरहेका छन् ।

अभिमुखीकरण कार्यक्रममा रमाइलो र ठट्यौली शैलीमा प्रस्तुत हुने, एक कार्यक्रमबाट अर्को कार्यक्रममा पुग्दा बीचमा पर्ने बाटामा रहेका धार्मिक स्थलहरुको अवलोकन गर्ने, पर्यटकीय क्षेत्रमा पुग्ने, डाँडाकाडाँहरुमा प्रकृतिसँग रमाउने गरिरहेका छन् । जनताका बीचमा रमाउने र उनीहरुलाई पनि मानव जीवन शैली कस्तो हुनुपर्छ भनी सिकाउने उनको प्रयास सामाजिक सञ्जालमा छाएका छन् ।

अभियानका क्रममा ओलीले गुल्मीको रेसुंगा र रुरु क्षेत्रको भ्रमण गरे । सोमबार नेकपा एमाले गुल्मीले तम्घासमा आयोजना गरेको मिसन ग्रासरुट कार्यक्रममा सरिक भए । अभियानमा ओलीसँगै उनकी पत्नी राधिका शाक्य लगायतका नेताहरु पनि साथमा छन् रेसुङ्गालाई ओलीले आध्यात्मिक र धार्मिक तपोभूमिको रुपमा पनि ब्याख्या गरेका छन् ।

हिन्दु धर्मशास्त्र रामायणको प्रसंग उठाउँदै उनले राजा दशरथका सन्तान नभए पछि अयोद्या पुगेर ऋषि ऋष्यशृंगको सुझाव अनुसार पुत्रेष्टि महायज्ञ गरेको ओलीको भनाइ छ । रेसुङ्गा क्षेत्र ऋषि ऋष्यशृंगले तपस्या गरेको स्थल भन्दै ओलीले चिन्तक, दार्शनिक र सभ्यता सुरु गर्नेहरुको स्थल भएको बताए ।

ओलीले गुल्मीकै अर्को धार्मिक क्षेत्र रुरुको पनि अवलोकन गरेका छन् । रुरुक्षेत्रमा उनले बनेको तीन मुखे पुलको पनि अवलोकन गरेका छन् । ओली मंगलबार गुल्मीका कार्यक्रम सकेर पाल्पा पुगेका छन् ।

पाल्पामा पुगेका ओलीले बुधबार अभिमुखीकरण कार्यक्रममा राजनीतिक छेडखान गरे । प्रधानमन्त्री पुष्पकमल दाहाल र कांग्रेस सभापति शेरबहादुर देउवाले नेपालको भूभाग खुम्च्याएको आरोप लगाए ।

सरकारमा भएकाहरुले देशको रक्षा गर्नुका सट्टा खुम्च्याएको आरोप लगाउँदै ओलीले सरकारमा भएकाहरुले रक्षा गर्नुपर्नेमा देखेको »» पृष्ठ २ मा

## राज्यका प्रमुख तहमा पुरुषको हालीमुहाली

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १४ चैत ।

नेपालको संविधानले हरेक तहमा महिलाको अधिकार ३३ प्रतिशत सुनिश्चित गरिदिएपनि महिलाहरु भने अझै नेतृत्वदायी तहमा पुग्नै सकेका छैनन् । देशको प्रधानमन्त्री, सेनाप्रहरी प्रमुख, सञ्चारमाध्यमका प्रधानसम्पादकका रुपमा अझै पनि महिला आउनै सकेका छैनन् । शैक्षिक योग्यता र काम गर्ने क्षमता बराबर भएपनि महिला भएकै कारण पुरुषहरुले नेतृत्व दिन नचाहेको आरोप पनि लाग्दै आएको छ । सोही भनाई जस्तै अहिलेपनि नेपालका प्रमुख कार्यकारी कुनै पदमा महिला छैनन् ।
केही हप्ताअघि भएको राष्ट्रपति र उपराष्ट्रपतिको चुनावमा एकजना महिला चाहिने माग उठेपनि सो विषयको कार्यान्वयन भने हुन सकेको छैन । किनभने हाल राष्ट्रपतिमा रामचन्द्र पौडेल र उपराष्ट्रपतिमा रामसहाय प्रसाद यादव निर्वाचित भईसकेका छन् । त्यस्तै प्रधानमन्त्रीमा पुष्पकमल दाहाल, कायमुकायम प्रधानन्यायाधीशमा हरिकृष्ण कार्की रहेका छन् । नेपाली सेनामा प्रभुराम शर्मा, शसस्त्र प्रहरीमा राजु अर्याल र प्रहरीमा वसन्त बहादुर कुँवर भर्खरै मात्र नियुक्त भएका छन् । जबकी हाल ८० हजारको संख्यामा रहेको नेपाल प्रहरीमा महिला पनि ६ हजार ८ सय बढीको हारहारीमा रहेका छन् । हाल प्रहरीको प्रतिस्पर्धामा महिला भएपनि सरकारले भने छानेरै पुरुषलाई आईजीपीमा नियुक्ती गरेको छ ।

तथ्यांक नै हेर्ने हो भनेपनि २०१५ सालको निर्वाचनमा १ सय ९ सदस्य मध्ये पहिलो पटक १ जना महिला र २०४८ सालमा भएको निर्वाचनमा २०५ प्रतिनिधिसभा सदस्यमा ८ जना महिला निर्वाचित भएका थिए । २०५१ को निर्वाचनमा ७ जना र २०५६ को निर्वाचनमा १२ जना महिला निर्वाचित भएको तथ्यांकले देखाउँछ ।

त्यस्तै, २०६३ को पुन:स्थापित संसदमा प्रत्यक्ष तर्फ १२ महिला २०६४ मा ६ सय १ सदस्य मध्ये ३० महिला २०७० मा १० र २०७४ मा प्रत्यक्षतर्फ ७ महिला चुनिएको तथ्यांकले देखाउँछ । ०७४ को चुनावमा महिला सहभागिता सुनिश्चित गर्नको लागि ११० समानुपातिक कोटामध्ये ८४ जना महिला र बाँकी २६ जना पुरुष सांसद चुनिएका थिए ।

त्यस्तै, २०७९ सालमा भएको चुनावमा प्रत्यक्ष निर्वाचित महिलाको ७ जनामात्रै रहेका छन् । यद्यपि, समानुपातिकमा भने ३३ प्रतिशत महिला सहभागिता पुर्‍याउन संख्या वृद्धि गरिएको पाईन्छ ।

'प्रणाली फरियो, माग फेरियो, समय फेरियो तर दृष्टिकोण फेरिएन, तसर्थ अहिलेपनि राज्यको नेतृत्वतहमा महिलाहरु पुग्न सकेका छैन' महिलाअधिकारकर्मी हेमा विष्टले भनिन् । उनले महिलाको नेतृत्व बोलीमा मात्रै सीमित हुँदा अझैपनि कार्यकारी तहमा आउन नसकेको उनको भनाई छ । तसर्थ, महिलाको स्तरमा समेत वृद्धि गर्दै हरेक क्षेत्रको कार्यकारीम तहमा महिला नेतृत्व ल्याउन पहल हुनुपर्ने आवाज उठ्दैं आएको छ ।

आन्दोलनमा मिटरब्याजी पीडित

## मल्हम लगाउने सरकारको प्रयास

मन्त्रिपरिषद्को मंगलबारको निर्णयअनुसार कानुन संशोधन भएमा मिटरब्याजीमाथि अपराधमा अनुसन्धान गरी सरकारले नै मुद्दा चलाउने बाटो खुल्नेछ ।




**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १४ चैत ।

तराईबाट आएका मिटरब्याजी पीडितको समस्या समाधान गर्न सरकारले पहलकदमी लिएको छ । गत सोमबार काठमाडौं आइपुगेका मिटरब्याजको समस्या समाधान गर्न प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले तत्परता देखाएका हुन् ।

प्रधानमन्त्रीका स्वकीय सचिव गंगा दाहालले मिटरब्याजी पीडितको समस्या समाधान गर्न सबैभन्दा पहिले सचिवालय मार्फत काम गरेको उल्लेख गरेकी छन् । उनकाअनुसार तराईबाट पैदल हिँडेरै आउन थालेपछि मकवानपुरका प्रमुख जिल्ला अधिकारीलाई फोन गरेर गुनासो सुनेर सम्बोधन गर्न आग्रह गरिएको थियो । तर, प्रमुख जिल्ला अधिकारीबाट समस्या »» पृष्ठ २ मा

### वार्ता टोली गठन

प्रधानमन्त्री प्रचण्डले पीडितका समस्या समाधान गर्न कानुन बनाउन तत्परता देखाएका छन् । सरकारले पीडितसँग बार्ता गर्न गृह मन्त्रालयका सहसचिव रुद्रदेवी शर्माको संयोजकत्वमा वार्ता टोली गठन गरिएको छ । मिटर ब्याज पीडितका मागका विषय वस्तु बुझ्न गठित टोलीले भेटेपछि प्रधानमन्त्री प्रचण्डले भेट गर्ने तयारी गरेका हुन् ।

समितिमा गृह मन्त्रालयकै उपसचिव दिलकुमार तामाङ, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका उपसचिव उमाकान्त अधिकारी र कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयका उपसचिव जंगबहादुर डङ्गा रहेका छन् ।

### मिटरब्याजलाई अपराध मान्ने निर्णय

सरकारले पीडितहरूका समस्या समाधानका लागि कानुनी जटिलता हटाउन संसद्मा विधेयक दर्ता गर्ने तयारी समेत गरेको छ ।

मंगलबार बसेको मन्त्रिपरिषदको बैठकले मिटर ब्याज पीडितको माग सम्बोधन गर्ने गरी तयार भएको विधेयकलाई संसदमा दर्ता गर्न सम्बन्धित मन्त्रालयलाई स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ ।

विधेयक दर्ता गर्ने स्वीकृति प्रदान गर्दै गर्दा सरकारले मिटरब्याजलाई अपराध घोषणा गरेर मुलुकी अपराध संहितामा संशोधन गर्ने »» पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## फेरि बढ्न थाल्यो भिजिट भिसाको धन्दा

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ चैत

सरकारको प्रतिबन्धका बाबजुद भिजिट भिसामा गएर यूएईका विभिन्न शहरमा पुग्ने नेपाली युवाहरूको संख्या दैनिकरूपमा बढेको छ । सरकारले माघ १० गतेदेखि खाडी मुलुकहरू र मलेसियामा भिजिट भिसामा जान रोक लगाएको थियो ।

तर हाल ठूलो संख्यामा नेपाली यूएई पुगेको अलपत्र परेर फर्केका पर्वतका श्याम कुँवरले बताए । कुँवरका अनुसार यूएईका विभिन्न शहरमा भिजिट भिसामा गई अलपत्र परेका नेपाली युवायुवतीको संख्या २० देखि २५ हजार हाराहारीमा पुगेको छ । शुक्रबार र शनिबार सरकारी बिदाका दिन यूएईका पार्कमा भिजिट भिसामा गई समस्यामा पर्नेहरूको भीड देखिने गरेकोसमेत कुँवरले बताए ।

भिजिट भिसामा गएर अलपत्र परेका नेपालीहरु मागेर एक-एक छाक खाँदै रोजगारी खोज्ने गरेको यूएईको शारजाहमा वैधानिकरूपमा काम गर्दै आएका धादिङका राम कुँवरले बताए । भिजिट भिसामा गएर अलपत्र परेकाहरूलाई स्थानीय नेपालीका संघसंस्था र वैधानिकरूपमा कार्यरत नेपालीहरूले मानवीय सहयोग गरिरहेको उनले बताए ।

कतिपयले मानवीय दृष्टिकोण राखी कोठामा ल्याएर राख्ने, तर समस्यामा पर्नेहरू घर नफर्किएपछि आश्रय दिनेहरू नै समस्यामा पर्ने गरेको कुँवरले बताए । अलपत्र परेकाहरूले २/३ दिनदेखि केही नखाएको भनेपछि खाजा खर्च कटाएर नेपालीहरूले ५/१० दिराम दिनुपरेको पनि उनले सुनाए ।

अलपत्र अवस्थामा परेकाहरू नेपालबाट गएको ६ माहिना भएको र ओभर स्टे बसेबापत धेरैको जरिबाना दिनप्रति दिन बढेको बताइएको छ । कोरोना भाइरसको »» पृष्ठ २ मा

## पेसी सूचीमा गोला प्रणालीप्रति असन्तुष्टि



न्यायालय स्वच्छ र सक्षम हुनुपर्छ । गोला प्रणालीमा पनि सन्तुष्ट नभएकाले तत्काल स्वचालित प्रणालीमा जान आग्रह गरेका छौं । १५ दिने अल्टिमेटम प्रस्तुत गरेका छौं । सो समयावधिभित्र कार्यान्वयनको पहल नगरिए के गर्ने ? भन्ने विषयमा सोच्न बाध्य हुने छौं ।

**गोपालकृष्ण घिमिरे**
**अध्यक्ष, नेपाल बार एशोसिएसन**

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १४ चैत ।

नेपाल बार एशोसिएसनले गोला प्रणालीमा पनि सन्तुष्ट नभएको भन्दै कायममुकायम प्रधान न्यायाधीश हरिकृष्ण कार्कीलाई तत्काल स्वचालित प्रणालीमा जान आग्रह गरेको छ ।

एशोसिएशनले कार्कीलाई पूर्ण स्वचालितरूपमा पेसी सूची प्रणाली कार्यान्वयनका लागि १५ दिने अल्टिमेटम नै दिएको छ ।

बारका अध्यक्ष गोपालकृष्ण घिमिरेको नेतृत्वमा गएको टोलीले कामु प्रधान न्यायाधीश कार्कीलाई आगामी १५ दिनभित्र स्वचालितरुपमा पेसी सूची प्रणाली (अटोमेटेड कज लिस्ट सिस्टम)को व्यवस्था मिलाउन ध्यानाकर्षण गराएको हो ।

२०७८ सालमा कार्कीको संयोजकत्वमा गठित समितिले स्वचालितरूपमा पेसी सूची तोकिने प्रणाली लागू हुनुपर्ने सुझाव दिएको थियो। उक्त प्रणाली लागू नहुँदासम्म गोलाप्रथा (राफल प्रणाली) द्वारा पेसी सूची प्रकाशन गर्नु सुझाएको थियो। गत वर्षदेखि सर्वोच्च अदालतमा गोलाप्रथा (राफल प्रणाली)द्वारा पेसी सूची प्रकाशन हुँदै »» पृष्ठ २ मा



मध्यान्ह
www.madhyanhadaily.com
१५ चैत २०७९, बुधबार
29 March 2023, Wednesday

# राष्ट्रिय सुरक्षा तालिम सम्पन्न

**काठमाडौं/मस–** रक्षा मन्त्रालय र नेपाली सेनाको संयुक्त संयोजनमा शिवपुरीमा सञ्चालित आठौँ संस्करणको राष्ट्रिय सुरक्षा तालिम सम्पन्न भएको छ । शिवपुरीस्थित सेनाको 'आर्मी कमान्ड एन्ड स्टाफ कलेज'मा आयोजना भएको १५ दिनको तालिम मंगलबार समापन भएको हो । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले तालिम समापनको घोषणा गर्दै सहभागीलाई प्रमाणपत्र प्रदान गरेका थिए। तालिममा राष्ट्रिय सुरक्षा, अन्तर्राष्ट्रिय सम्बन्ध, रक्षा नीति तथा रणनीतिक योजनालगायत विषयमा सहभागीलाई प्रशिक्षण दिइएको थियो । सेनाले २०७२ सालदेखि उक्त तालिम दिन थालेको हो । उक्त कलेजबाट हालसम्म एक सय ६६ जनाले राष्ट्रिय सुरक्षा तालिम लिइसकेका छन् ।

तालिममा मन्त्रालय, सुरक्षा निकाय, सार्वजनिक संस्था र गैरसरकारी संस्थाबाट २७ जना सहभागी भएका थिए । तालिममा परराष्ट्र, शहरी विकास, कानून, न्याय तथा संसदीय मामिला, शिक्षा, विज्ञान तथा प्रविधि, भौतिक पूर्वाधार तथा यातायात, वन तथा वातावरण, कृषि तथा पशुपक्षी विकास मन्त्रालय, नेपाल राष्ट्र बैंक, त्रिभुवन विश्वविद्यालय, राष्ट्रिय समाचार समिति, नेपाल टेलिभिजन, नेपाल रेडक्रस सोसाइटी, कान्तिपुर मिडिया ग्रुप, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभाग र नेपाली सेनाबाट प्रतिनिधिको सहभागिता थियो । राष्ट्रिय सुरक्षासँग सम्बन्धित रहेको चुनौतीलाई सुक्ष्मरुपमा अध्ययन गरी सामूहिकरुपमा समस्या समाधान पहिचान गर्ने उद्देश्यले तालिमको आयोजना गरिएको सेनाले जनाएको छ । तालिमका क्रममा विभिन्न विषयका विज्ञलाई विषयगतरुपमा कक्षा सञ्चालन र छलफलमार्फत ज्ञानको दायरा विस्तार गरिएको छ ।

तालिमले भूराजनीतिक र विदेश नीति, राष्ट्रिय सुरक्षा, राष्ट्रिय शक्तिका मुख्य तत्व, नागरिक–सैनिक सम्बन्ध, मानवीय सहयोग तथा विपद् व्यवस्थापन, रणनीतिक योजना तथा नेपाली अर्थतन्त्रको कारक तत्वलगायत विषयमा जोड दिइएको सेनाले जनाएको छ ।

## बिन्दास...

नदेख्यै गरेको जनाए । आफूले प्रधानमन्त्री छाडेपछि दाहाल र देउवाले मुलुकको सीमा मिचिइरहँदा टुलुटुलु हेरेर बसेको उनको आरोप छ ।

फरक प्रसंगमा ओलीले अहिलेको गठबन्धनलाई रावणका दश टाउका हुन्छन् भनेकामा चित्त दुखाएको बताउँदै अहिलेको गठबन्धनले राम्रो काम नगरेको ठोकुवा गरे । अर्थात, राजनीतिक रुपमा समेत उनी अन्य दल र अन्य दलका नेताहरुमाथि खनिइरहेका छन् । राजनीति बिन्दास तरिकाले पनि हुन्छ भन्ने उनको शैली र व्यवहारले देखाउँछ ।

गत चुनावमा एमालेले ७८ सिट जितेको छ। चुनावमा एमालेले राप्रपा लगायतका दलको गठबन्धन बनाएको थियो । अन्य ठूला पाँच दलले चुनावी गठबन्धन बनाएका थिए । चुनाव अगाडिको पाँच दलीय गठबन्धनले सरकार बनाउने बहमत पाएको छ। तर, पहिले को प्रधानमन्त्री बन्ने विवादका बीच एमालेले मामओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको नेतृत्वमा सरकार बनाउन भूमिका खेल्यो । सातै प्रदेशमा सरकारमा सहभागी भयो । प्रतिनिधिसभामा उपसभामुख एमालेले लियो । तर, राष्ट्रपतिको निर्वाचनसँगै एमाले, माओवादीसहितको गठबन्धन भत्कियो। विपक्षमा पुगेको कांग्रेस सरकारमा गयो । सरकार नै बनाउन भूमिका खेलेको एमाले प्रतिपक्षमा पुग्यो ।

संघदेखि प्रदेशसम्म सबैतिर संघदेखि सातै प्रदेश सरकारबाट बाहिर पुगेको एमाले ग्रासरुट अभियानमा निस्केको छ। सत्ताबाट च्युत भएको बेला निराश नभएर जनताको बीचमा गएका एमाले अध्यक्ष ओलीले राजनीतिमा आवेग मात्रै हुँदैन भन्ने प्रस्ट्याइरहेका छन् ।

## आन्दोलनमा...

समाधान नभएपछि मिटरब्याजी पीडित ११ दिन पैदल हिँडेर काठमाडौं झरेका हुन् ।

सोही क्रममा प्रधानमन्त्री प्रचण्डले मिटरब्याजी पीडितसँग छलफल गर्न गृह सचिवलाई निर्देशन दिएका थिए । लगत्तै उनीहरूको समस्या समाधान गर्न समिति गठन भइसकेको छ ।

## मिटरब्याजलाई...

निर्णय गरेको छ । मन्त्रिपरिषद् बैठकले मिटरब्याजलाई अपराध घोषणा गरी कानुनी दायरामा ल्याउन मुलुकी अपराध संहितामा संशोधन प्रक्रिया अघि बढाउने निर्णय गरेको हो ।

घरायसी व्यवहारमा १० प्रतिशत भन्दा बढीको दरमा ब्याज लिन नपाइने कानुन भए पनि कानुनले मिटरब्याजलाई अपराधका रूपमा परिभाषित गरेको थिएन । मन्त्रिपरिषद्को मंगलबारको निर्णयअनुसार कानुन संशोधन भएमा मिटरब्याजी साहुकारमाथि अपराधमा अनुसन्धान गरी सरकारले नै मुद्दा चलाउने बाटो खुल्नेछ ।

## फेरि...

संक्रमण कम भएपछि रोजगारीका लागि भिजिट भिसा प्रयोग गरी यूएई पुगेका धेरै नेपालीहरू ओभरस्टे भई जरिबानामा पर्ने र रोजगारी नहुँदा स्वदेश फर्किने र खाने खर्चको समेत अभाव हुने खबरहरू निरन्तर आइरहेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका सचिव कर्णराज कटुवालले बताए ।

सरकारले प्रतिबन्ध लगाएपनि हाल यूएईमा बढेको भिजिट भिसामा गएकाहरूको संख्याले सरकारी निर्णय प्रभावहीन देखिएको कटुवालले बताए । भिजिट भिसामा जाने अधिकांशलाई ट्राभल्स एजेन्सी, एयरलाइन्स र कतिपय म्यानपावर कम्पनीले पठाउने गरेको बताइएको छ ।

## पेसी...

आएको छ । बार अध्यक्ष घिमिरेका अनुसार, मुलुकभरका सबै अदालतमा पूर्ण स्वचालित पेसी सूची प्रणालीमार्फत् व्यवस्थापन गर्न आग्रह गरिएको हो। 'न्यायालय स्वच्छ र सक्षम हुनुपर्छ । गोला प्रणालीमा पनि सन्तुष्ट नभएकाले तत्काल स्वचालित प्रणालीमा जान आग्रह गरेका छौं,' बार अध्यक्ष घिमिरेले भने, '१५ दिने अल्टिमेटम प्रस्तुत गरेका छौं। सो समयावधिभित्र कार्यान्वयनको पहल नगरिए के गर्ने ? भन्ने विषयमा सोच्न बाध्य हुने छौं ।'

कामु प्रधान न्यायाधीश कार्कीले बजेटको समस्या दर्साउँदै एक साता भित्रै सर्वोच्चको फुलकोर्टको बैठक बोलाई कार्यान्वयनको प्रक्रिया अघि बढाउने बताए ।


### कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **टाइगर ओभरसिज इमप्लोइमेन्ट सर्भिस प्रा. लि.** (श्रम ईजाजत न.: ३३५/०५९/०६०) मा कार्यरत निम्न कर्मचारीलाई यस कार्यालयबाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराइन्छ। निज व्यक्तिसँग यस प्रा. लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदी यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुन छैन । साथै कुनै दाबी बिरोध भएमा (७) दिन भित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | नाम, थर | ठेगाना | नागरिकता नं. |
|---|---|---|---|
| १. | ऋषि राम शर्मा | बन्दीपुर-२, तनहुँ | ७२९५ |
| २. | नरेन्द्र खतिवडा | नाङखोलाङ, ताप्लेजुङ | ७६४९-३२० |
| ३. | सन्तोष राई | खादबारी, संखुवासभा | ७६९/६४०९८ |

Govt Lic. No: 335/059/060
**Tiger Overseas Employment Services Pvt. Ltd.**
Kathmandu-4, Prakash Marg, Dhumbarahi,
Tel-01-4518997

### कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७९/१२/१५**

Brihaspati Agro **(प्रा.लि.)** को मिति २०७९/१२/१० मा सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **बृहस्पति इन्टरप्राइजेज प्रा.लि. (प्रा.लि.नं.: ५४३६४)** साथै साविक ठेगाना परिवर्तन गरी ललितपुर जिल्ला, ललितपुर म.न.पा.–२३ कायम गर्ने गरी मिति २०७९/१२/०८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### अनुसूची–१५
**(दफा ३३ को उप–दफा (२) सँग सम्बन्धित)**

**काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति २०७९।१२।१४**

श्री भर्लेनी सामुदायिक वन उपभोक्ता समुह लेकवेशी नगरपालिका वडा नं. ०६ सुर्खेतको वनबाट उत्पादन भई समुहको घाटगद्दीमा राखिएको साल जातको गोलिया थान ४० को ३६५.५२ क्यू.फि. र असना जातको गोलिया थान ५ को १६९.९९ क्यू.फि. काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयको सूचना पार्टीमा टाँस गरिएको छ ।

**श्री भर्लेनी सामुदायिक वन उपभोक्ता समुह**
**लेकवेशी नगरपालिका वडा नं. ६, सुर्खेत**

### अनुसूची–१५
**(दफा ३३ को उप–दफा (२) सँग सम्बन्धित)**

**काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति २०७९।१२।१४**

श्री मितेरी सामुदायिक वन उपभोक्ता समुह बराहताल गाउँपालिका वडा नं. ०८ सुर्खेतको वनबाट उत्पादन भई समुहको घाटगद्दीमा राखिएको साल जातको गोलिया थान ७३ को ६४१.०५ क्यू.फि., असना जातको गोलिया थान ३५ को ३८७.०७ क्यू.फि., सल्लो जातको गोलिया थान १२ को २५४.९९ क्यू.फि., जामुन जातको गोलिया थान ४ को २८.२३ क्यू.फि. र दाउरा १.४० चट्टा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयको सूचना पार्टीमा टाँस गरिएको छ ।

**श्री मितेरी सामुदायिक वन उपभोक्ता समुह**
**बराहताल गाउँपालिका वडा नं. ८, सुर्खेत**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### हकदावी सम्बन्धी सूचना

यस कार्यालयमा मिति २०७६/०१/१० मा दर्ता भएको **प्रा.लि. नं. २१३६०८** को **द वन पर्सनल केयर प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।


**सफा हिमाल अभियान**

# सगरमाथासहित चार हिमालको फोहोर संकलन गरिने

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ चैत

नेपाली सेनाले 'सफा हिमाल अभियान-२०२३' अन्तर्गत यस वर्ष सर्वोच्च शिखर सगरमाथासहित चार हिमालहरुबाट करिब ३५ टन फोहोर संकलन गर्ने भएको छ ।

सेनाले यस पटक संचालन गर्ने सफा हिमाल अभियानमा सगरमाथा, ल्होत्से, बरुञ्चे र अन्नपूर्ण हिमालहरुबाट फोहोर संकलन गर्न लागेको हो । प्रधानसेनापति प्रभुराम शर्माले मंगलबार सफा हिमाल अभियानमा जाने नेपाली टोलीलाई झण्डा हस्तान्तरण गरेका छन् ।




सरकारको राष्ट्रिय कार्यक्रम अन्तर्गत सेनाको अगुवाइमा सञ्चालन हुने उक्त अभियान सफल बनाउन वन तथा वातावरण मन्त्रालय, पोखरा महानगरपालिका, अन्नपूर्ण गाउँपालिका, कोकाकोला फाउन्डेशन, सूर्य नेपाल प्रा.लि., युनिलिभर नेपाल, संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम, विश्व वन्यजन्तु कोष, नेपालको आर्थिक र नेपाल पर्वतारोहण संघ, हिमालयन उद्धार संघ, अनुसन्धान तथा दिगो विकास केन्द्र नेपाल लगायत संघसंस्थाहरुको प्राविधिक सहयोग हुन लागेको हो ।

सेनाले सन् २०१९ देखि विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरुसँग समन्वय र सहकार्य गरेर सफा हिमाल अभियान सञ्चालन गर्दै आइरहेको छ । 'विश्व वातावरण दिवश (जुन ५) मा समापन हुने उक्त अभियानले विश्व व्यापी चुनौतिको रुपमा रहेको वातावरण प्रदूषण तथा विश्व तापमानको असरलाई केही हदसम्म न्यून गर्न सहयोग पुग्ने विश्वास छ,' सेनाले भनाइ छ ।

माघ २३ को मन्त्रिपरिषद्को बैंठकले सफा हिमाल अभियानमा खटिने नेपाली सेनाका सदस्यहरुलाई हिमालय आरोहण गर्दा लाग्ने सलामी दस्तुर र गार्बेज धरौटी छुने दिने निर्णय गरिसकेको छ ।

सेनाले 'सफा हिमाल अभियान-२०२२' मा पनि सगरमाथाबाट फोहोर संकलन गरेको थियो । त्यस बेला सगरमाथासहित कन्जनजंघा, ल्होत्से र मनास्लुबाट उक्त ३३ हजार ८७७ केजी फोहोर संकलन गरेको थियो । प्रदूषण नियन्त्रण र जलवायु परिवर्तनले पर्यावरणमा पुऱ्याएका असरहरुलाई कम गर्ने, हिमालय अर्थतन्त्र गर्न सरकारलाई सहयोग पुऱ्याउने, पर्यटकका साथै पर्वतारोहीहरुलाई आकर्षित गर्ने तथा भावी पुस्ताहरुका लागि हिमाल संरक्षण गर्ने हिमालय सफा अभियानका लक्ष्यहरु रहेको सेनाले जनाएको छ ।

सेनाले सफा हिमाल अभियान-सन् २०१९ अन्तर्गत १० टन फोहोर र सफा हिमाल अभियान-सन् २०२१ अन्तर्गत २७.६ टन फोहोर संकलन गरेको थियो। त्यतिबेला ४ वटा शव पनि भेटिएको थियो । नेपालमा ८ हजार मिटरभन्दा माथि उचाइका ८ वटा हिमाल तथा ६ हजार मिटरमाथिका १३ सय १० चुचुराहरु छन् । यस क्षेत्रमा औसतमा ५० हजार पर्यटक र करिब ८० हजार सहयोगीहरु प्रत्येक वर्ष भ्रमण गर्ने गरेको पाइएको सेनाले जनाएको छ ।

नेपाल सरकारको राष्ट्रिय कार्यक्रम अन्तर्गत समन्वय गरी सफा हिमाल अभियान सञ्चालन गरेको सेनाले जनाएको छ ।


## मरिण गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**कपिलाकोट, सिन्धुली**

### वोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(सूचना प्रकाशित मितिः २०७९/१२/१५)**

वोलपत्र आह्वान सम्वन्धी सूचना बमोजिम तपसिल ठेक्काको लागि म्याद भित्र E–Bid मार्फत दर्ता भएका बोलपत्रहरुको मूल्यांकन गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ङ) को उपनियम ७ वमोजिम सारभूत रुपमा प्रभावग्राही भएका र प्रविधिक मूल्यांकनमा सफल वोलपत्रहरु मध्येबाट न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही निम्न अनुसारको वोलपत्रदाताका वोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) वमोजिम स्वीकृतिको लागि छनौट गरिएकोले सोही ऐनको दफा २७ (२) र दफा ४७ को प्रयोजनार्थ सम्वन्धित सबै वोलपत्रदाताहरुको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सूचना प्रकाशन मिति | सूचना प्रकाशित पत्रिका | ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायीको नाम र ठेगाना | कबोल अंक रु.(भ्याट समेत) |
|---|---|---|---|---|---|
| २०७९/१०/२४ | मध्यान्ह राष्ट्रिय दैनिक | MRM/Sindhuli/ Works/ NCB/14/2079-080 | Construction of Khanepani Yojana Ward No. 4 | श्री अम्बर शान्ति बिल्डर्स एण्ड सप्लायर्स, महालक्ष्मी-०८, ललितपुर | ८७,८०,२१३।१३ |

**प्रमुख प्रशासकीय अधिकृत**

## Bheemdatt Municipality
## Office of Municipal Executive

**Kanchanpur**

### Invitation for Bid

**(Date of Publication: 2079/12/15)**

1. Bheemdatt Municipality, Office of Municipal Executive,Mahendranagar, Kanchanpur invites electronic bids from eligible bidders for following works:

| Contract Number | Description and Location of Work | Estimated Amount without VAT | Bid Security Amount | Bid Documents Fee |
|---|---|---|---|---|
| 32/ORR// RUI/2079/080 | Road upgrading and Improvement of Outer Ringroad at ward No-2 Section roads | NPR- 1,37,71,659.81 | NPR- 4,35,000.00 | NPR-3,000.00 |

2. Deadline for Bid Purchasing, Submission and Opening:

<table>
<tr><th colspan="2">Submission of Bid</th><th colspan="2">Opening of Bid</th><th>Revenue Account No-</th><td>0980133894500011</td><th>Bank</th><td>NMB Bank, Mahendranagr</td></tr>
<tr><th>Date</th><th>Time</th><th>Date</th><th>Time</th><th>Name of Office</th><td colspan="3">Bheemdatt Municipality, Office of Municipal Executive, Mahendranagar, Kanchanpur</td></tr>
<tr><td rowspan="3">40 Chaitra 2079</td><td rowspan="3">12:00 Noon</td><td rowspan="3">30 Chaitra 2079</td><td rowspan="3">13:00 PM</td><th>Deposit Account No-</th><td colspan="3">4180100303000002</td></tr>
<tr><th>Name of Office</th><td colspan="3">Bheemdatt Municipality, Office of Municipal Executive, Mahendranagar, Kanchanpur</td></tr>
<tr><th>Bank</th><td colspan="3">Rastriya Banijya Bank, Mahendranagr</td></tr>
</table>

3. Eligible Bidders may obtain further information at Bheemdatt Municipality, Office of Municipal Executive, Mahendranagar, Kanchanpur (Tel- 099521322,521167) or may visit PPMO's website,http://bolpatra.gov.np/egp .

## चैते दशैं पर्व मनाइँदै

**काठमाडौं/मस-** प्रत्येक वर्ष चैत्र शुक्ल अष्टमीका दिन मनाइने चैते दशैं पर्व आज नवदुर्गा भगवतीको पूजा आराधना गरी मनाउँदैछन् ।

वर्षमा चार नवरात्र पर्छन् । आषाढ र पौष शुक्ल पक्षमा पर्ने नवरात्र धेरै प्रचलनमा छैन । केही साधकले भने आषाढ र पौष शुक्ल पक्षको नवरात्रमा पनि शक्ति स्वरुपा देवीको आराधना गर्छन् ।

आश्विन शुक्ल पक्षाको नवरात्रमा प्रतिपदाका दिनदेखि नै घटस्थापना गरेर जमरा राखिन्छ । यसैले आश्विन शुक्ल पक्षको दशैंलाई वडादशैं भनिन्छ। वडादशैंमा दशमी तिथिका दिन मान्यजनबाट टीका र जमरा लगाउने गरिन्छ । यो क्रम आश्विन शुक्ल पूर्णिमासम्म चल्छ।

चैते दशैंमा भने त्यो परम्परा धेरै परिवारमा छैन। हनुमानढोकाको दशैंघरमा भने घटस्थापना गरेर विधिवत् पूजा आराधनाका साथ अष्टमीका दिन बलि दिने चलन पनि छ । चैते दशैंमा अष्टमी र नवमीलाई विशेष रुपमा मनाउने गरिन्छ । अष्टमीको दिनलाई चैते दशैं र नवमीलाई त्रेता युगमा अयोध्याका राजा दशरथ र रानी कौशल्यावतीको ज्येष्ठ सुपुत्रका रुमपा श्रीरामको जन्म भएकाले रामनवमीका रुपमा मनाउने गरिन्छ। चैते दशैं पर्वका अवसरमा बिहानैदेखि देशभरका शक्तिपीठमा भक्तजनको भीड लागेको छ । वडादशैंमा जस्तै चैते दशैंमा पनि परिवारका सदस्यबीच जमघट हुने गर्छ ।

## 'शिक्षामा आमूल परिवर्तन आवश्यक'

**शोभाखर पन्थी/मध्यान्ह**
अर्घाखाँची, १४ चैत

नेकपा एमालेका पोलिट ब्यूरो सदस्य एवं प्रतिनिधि सभा सदस्य सूर्य थापाले शिक्षा क्षेत्रमा आमूल परिवर्तनको खाँचो रहेको बताएका छन् । भगवती माध्यमिक विद्यालय सन्धीखर्क २ शंखेटारीद्वारा कक्षा-१० का विद्यार्थीको लागि आयोजित शुभकामना आदान-प्रदान कार्यक्रममा मन्तव्य राख्दै नेता थापाले वर्तमान शिक्षा प्रणालीमा थुप्रै कमी कमजोरी रहेकाले वैज्ञानिक एवं जनवादी शिक्षाको आवश्यकता रहेको बताए । समय अनुकुल शिक्षा क्षेत्रलाई परिस्कृत र परिमार्जित गर्दै लैजानुपर्ने उनको



भनाइ थियो ।

कार्यक्रममा उनले अहिलेको शिक्षा प्रणाली बेरोजगार उत्पादन गर्ने कारखाना जस्तो भएको बताए।

शैक्षिक गुणस्तर वृद्धिको लागि शिक्षक, विद्यार्थी र अभिभावकबीचमा अन्योन्याश्रित सम्बन्ध कायम गरेर अगाडि बढ्नुपर्नेमा उनले जोड दिए ।

भगवती माध्यमिक विद्यालयमा २०४७ सालमा कक्षा-१० को कोचिङ पढेर सोही विद्यालयबाट एसएलसी. परीक्षा दिएको स्मरण गर्दै उनले धेरै वर्षपछि विद्यालयमा आएर बोल्न पाउँदा हर्षित बनेको बताउँदै उनले विद्यालयको चौतर्फी विकाशको निम्ति आफू हरदम सहयोग गर्न तत्पर रहेको प्रतिबद्धता जनाए ।

कार्यक्रममा सन्धीखर्क नगरपालिका वडा नम्बर २ का वडाअध्यक्ष मोतिजङ्ग रायमाझी, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मुकुन्दराज आचार्य, पूर्वप्रधानाध्यापक भविश्वर खनाल, श्यामबहादुर भुसाल, समाजसेवी भेषबहादुर केसी, विद्यालयका प्रधानाध्यापक ध्रुबबहादुर खत्रीलगायतका वक्ताहरूले आ-आफ्नो मन्तव्य राखेका थिए।

कार्यक्रममा कक्षा ९ का विद्यार्थीहरुले रोचक सांस्कृतिक कार्यक्रमसमेत प्रतुतत गरेका थिए।

## प्रयोगमा नआउँदै भत्कियो आधुनिक घट्ट

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, १४ चैत

हुम्लाको सिमकोट गाउँपालिका वडा नम्बर ७ ग्वालेखोरमा निर्माण भएको आधुनिक घट्ट प्रयोगमा नआउँदै भत्किएको छ । सात वर्ष अगाडि गरिबी निवारण कोषको लगानीमा बनेको घट्ट प्रयोग नआउँदै भत्किएको स्थानीय मैनबहादुर शाहीले बताए ।

प्रयोग नगर्दै घट्ट भत्किएपछि ग्वालेखोरका स्थानीयले घट्ट निर्माण उपभोक्ता समितिको ध्यानाकर्षण गराएका छन् । सात वर्ष अगाडि करिब ७ लाख ५० हजार रुपैयाँको लागतमा बनेको घट्ट प्रयोगविहीन बनेर भत्किएको भन्दै उपभोक्ता समितिको ध्यानाकर्षण गराएका हुन् । उनीहरुले उपभोक्ता समितिसँग घट्ट निर्माण गर्दा ५० घरधुरीले दुई महिना गरेको श्रमदानको क्षतिपूतिसमेत मागेका छन् । स्थानीय शाहीकाअनुसार घट्ट बनाउँदा उपभोक्ता सिमितिले कबोल गरेको रकम उनीहरुले माग गरेका हुन् । 'घट्ट प्रयोगमा आएको भए बरु चित्त बुझाउँन सकिन्थ्यो' उनले भने ।



यता उपभोक्ता समितिका अनुसार करिब तीन वर्ष अगाडि हिल्सा सिमकोट सडक आयोजनाले सडक निर्माण गर्दा ढुंगाले लागेर एक तिरको पर्खाल भत्किएको थियो । एक तिरको पर्खाल भत्किएपछि घट्टमा भएको सबै सामन चोरी भएको समितिको दाबी छ। घट्ट बनाउँदा आएको रकम हिनामिना गरेको आरोपमा उपभोक्ता समितिविरुद्ध मुद्दा हाल्ने स्थानीयले चेतावनी दिएका छन् ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७४/११/२० मा दर्ता भएको **प्रा.लि.नं. १८४५१७** को **ब्रम्हायणी रोडा ढुङ्गा उद्योग प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/१२/१४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७६/०४/१४ मा दर्ता भएको **प्रा.लि.नं. २१९८९३** को **सदा एग्रो एण्ड रिसर्च सेन्टर प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/१२/१४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
झापा बजार शाखा, झापा गाँउपालिका, झापा
सम्पर्क फोन: +९७७-९८०१९८१९५५/९८०१९८१९५६

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम श्री रंगलाल पौडेलकी बुहारी, रुदनलाल राजवंशीकी छोरी, कोशी प्रदेश झापा जिल्ला, झापा गाँउपालिका वडा नं. १ बस्ने ५४ वर्षकी श्रीमती सामवती पौडेलको मिति २०७९/०८/०७(ई.सं.२३/११/२०२२) मा मृत्यु भएकोले स्व. सामवती पौडेलकी आमा हाल झापा गाँउपालिका वडा नं. १ बस्ने श्रीमती दुखनी सरी राजवँशीले मृतकको एकलनाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निजबाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको झापा बजार शाखा, झापा गाँउपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि

---

## कतारमा रोजगारको अवसर | कम्पनी: AL NOOR ENGINEERING GROUP W.L.L.
शहर: DOHA

**पूर्व स्वीकृत मिति: २०७८/०३/१४** | **चलानी नं.: ६०१८२०२६** | **LT. No.: 266095** | **पुन विज्ञापन**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 4 | 0 | स. काममा दक्ष | 1000 | ३५,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत्र २२ गते (5 April 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Excellent Manpower Services Pvt. Ltd.**
साबिक: (AL SUJIT MANPOWER PVT. LTD.)
Gov. Lic No. 1328/074/075
Sinamangal-9, Airport, Kathmandu, Tel: 4485517, 6924454
Email: excellentmanpower1328@gmail.com

---

## कतारमा रोजगार | कम्पनी: ISMAIL BIN ALI TRADING & CONTRACTING CO.
शहर: QATAR, DOHA

**पूर्व स्वीकृत मिति: २०७९/१२/१४** | **चलानी नं.: ६०१९८९७९** | L.T. No.: 283599

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOUR | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Technician | 27 | 0 | | 1200 | ४२,९९६ | | | | | | | |
| 3. | MASON | 5 | 0 | | 1200 | ४२,९९६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत्र २२ गते (5 April 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**QATAR INTERNATIONAL MANPOWER PVT. LTD.**
2022
Gov. Lic. No. 1578/079/80
Tokha-05, Basundhara, Kathmandu
Ph. No.: 01-5914971
Mobile : 9849664971, 9826101000
E-mail: info@qim.com.np

---

# Sudurpashchim Provincial Government
## Ministry of Social Development
**Dhangadhi, Kailali**

## Invitation for Bids

**Date of Publication: 2079/12/15**

1. Ministry of Social Development, Dhangadhi, Kailali invites electronic bids from eligible bidders for following bids under National Competitive bidding-two envelope bidding procedures. Only eligible bidders with the following key qualification should participate in this bidding. The bid validity period of all bid shall be 90 days from the last date of bid submissin.

| S.N. | Contract Identification Number | Description of Work | Average annual construction turnover of the best 3 year within last 10 years | Minumum work experience of simillar size and nature | Bid Security (NRs) | Bid Document Price (NRs) |
|---|---|---|---|---|---|---|
| 1 | MoSDSupa/ Works/ 06/2079/080 | Construction of Administrative Building and Boundary Wall of Doti Multiple Campus | Nrs. 59 Million | 1 Project about Nrs. 14 Million without VAT | 10,50,000/- | 5000/- |

2. Electronic bids must be submitted to **Ministry of Social Development, Dhangadhi, Kailali**, through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 Noon on 2080/01/15 (April 28th, 2023). Bids received after this deadline will be rejected.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Ministry of Social Development, Dhangadhi, Kailali, Email: mosdkailali07@gmail.com, Contact No: 091-525506 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below .

**Information to deposit the cost of bidding document in Bank:**

Name of the Bank: Rastriya Banijya Bank, Dhangadhi Kailali
Name of Office: Ministry of Social Development
Office Code No.: 3500077017
Rajaswa Account no.: 1000100200010000
Rajaswa shirshak No.: 14229

**Province Secretary**

---

## गाउँवासीहरुमा हार्दिक अनुरोध

- समयमै सम्पत्ति तथा भूमि कर (मालपोत) तिरौ ।
- विद्यालय जाने उमेर पुगेका बालबालिकालाई आजै विद्यालयमा भर्ना गरौ ।
- पूर्ण सरसफाई अभियानलाई पूर्ण रूपमा कार्यान्यन गरौ ।
- स्थानीय तहमा देखिएको ससाना विवाद न्यायिक समिति मार्फत समस्या समाधान गरौ ।
- स्वच्छ खानेपानी पिऔं, घर आँगन सरसफाई राखौं ।
- कृषि सम्बन्धी विविध जानकारीलाई स्थानीय तहको कृषि शाखामा सम्पर्क गरौं ।
- स्वास्थ्य सेवाबाट थप जानकारी लागि स्थानीय तहको स्वास्थ्य शाखामा सम्पर्क गरौं ।

**मायादेवी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बरेवा, रुपन्देही**

---

**भेरिगंगा न.पा.१२ मा नगरपालिकाको ठोस फोहरमैला संकलन/व्यवस्थापन र प्रशोधन केन्द्र संचालनका लागि प्रारम्भिक वातावरणीय प्रीक्षण अध्ययन प्रतिवेदन तयारी सम्बन्धि सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थितिका लागि सार्वजनिक सूचना**

**भेरिगंगा नगरपालिका,**
**वडा नं.१२, सुर्खेत, कर्णाली प्रदेश**
**(प्रकाशित मिति: २०७९/१२/१५)**

प्रस्तावित नगरपालिकाको ठोस फोहरमैला संकलन/व्यवस्थापन र प्रशोधन केन्द्र संचालन सम्बन्धमा भेरिगंगा नगरपालिका वडा नं. १२, सुर्खेतमा नगरक्षेत्रजन्य ठोष फोहरलाई व्यवस्थित तथा सुरक्षित रुपमा विषर्जन र प्रशोधन गरी सामाजिक, जैविक, भौतिक वातावरणको संरक्षण गर्न तथा पर्यावरणीय स्वच्छता कायम राख्न पर्ने भएकाले, नगरपालिकाको वडा नं. १२ मा ठोस फोहरमैला संकलन/व्यवस्थापन र प्रशोधन केन्द्र निर्माण कार्य सम्पन्न गर्नु पर्ने उद्धेश्यका साथ वडा नं. १२, छिन्चुमा ठोस फोहरमैला संकलन/व्यवस्थापन र प्रशोधन केन्द्रको कार्यसूची भेरिगंगा नगरपालिकामा स्वीकृत भएको व्यहोरा जानकारी गराउदै, उधोग स्थापना तथा संचालन गर्नु पूर्व वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ अनुरुप आवश्यक देखिएकाले प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनका लागि प्रचलित कानुन बमोजिम प्रारम्भिक वातावरणीय परीक्षणको क्रममा प्रस्तावित आयोजना तथा सोको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धमा सम्बन्धित सरोकारवाला व्यक्ति तथा संस्थालाई जानकारी दिने तथा सोको कार्यान्वयन सम्बन्धमा आवश्यक रायसुझावहरु लिने उद्धेश्यले निम्न मिति, समय र स्थानमा संचालन हुने सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित हुन सम्बन्धित सबै सरोकारवालाको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ।

**मिति** : **२०७९/१२/२१**
**समय** : **बिहान ११:०० बजे**
**स्थान** : **रामजानकी सामुदायीक वनको प्रांगणमा, भेरिगंगा न.पा., वडा नं. १२**

---



## सम्पादकीय

### पहलकदमीको खाँचो

कोशी प्रदेशको नामाकरण गर्ने प्रदेशसभाको निर्णय बिपरीत लगातार विरोध प्रदर्शन भइरहेको छ । प्रदर्शनकै क्रममा गत १० चैतमा पदम लिम्बुको मृत्यु भएपछि आन्दोलन थप चर्किएको छ । ५ चैतमा घाइते भएका लिम्बुको उपचारका क्रममा बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मृत्यु भएको थियो । लिम्बुको मृत्युपछि विरोध प्रदर्शन झनै चर्किएको छ । प्रहरी र प्रदर्शनकारीबीच मुठभेड भइरहेको छ । प्रदेशको नाम कोशी अस्वीकार गरेका असन्तुष्टहरूले मुख्यमन्त्री, प्रदेश मन्त्री र प्रदेशसभाका सदस्यहरूलाई बहिष्कार आन्दोलन चलाइरहेका छन् । उनीहरूले कोशी नभएर प्रदेशको नाम किराँत-लिम्बुवान हुनुपर्ने माग राखेका छन् । राज्य पुनर्संरचनाको बहस चलिरहँदा नै यो प्रदेशको नाम पहिचानको आधारमा राखिनुपर्ने उनीहरूको माग थियो । त्यो मागमा नेकपा माओवादीको समर्थन थियो ।

तर गत मंसिरको चुनावबाट दोस्रोपटक गठन भएको प्रदेशसभामा माओवादीले समेत अडान छोडेपछि ठूला दलहरूको समर्थनमा कोशी प्रदेश नामाकरण गरिएको छ । यो नामाकरणप्रति जनता समाजवादी पार्टी (जसपा) र नेकपा एकीकृत समाजवादीले साथ दिएको छ । बाँकी दलहरूले अहिले भइरहेको विरोध प्रदर्शन फिर्ता लिन संयुक्त बक्तव्य नै जारी गरिसकेका छन् । तर आन्दोलन पक्षले माग पूरा नभएसम्म विरोधप्रदर्शन कायमै राख्ने अडान लिएका छन् । उनीहरूको अडानका कारण कोशी प्रदेशमा असन्तुष्टि बढेर गएको देखिन्छ । जसपाका सांसदहरूले संघीय संसदमै कोशी नामाकरण गर्ने प्रदेशसभाको निर्णय मान्न नसकिने अडान लिएका छन् । तर सरकारले भने आन्दोलनमा ज्यान गुमाएका लिम्बु प्रकरणमा छानबीन गर्ने निर्णय गरेपछि थप पहलकदमी लिएको देखिदैन ।

बरू प्रदेश सरकारकै नेतृत्व हेरफेर गर्नेगरी प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा सत्तारूढ दलहरूको बैठक लगातार चलिरहेको छ । प्रमुख प्रतिपक्षी एमालेका नेताहरू पार्टी कार्यक्रम लिएर आफ्नै अभियानमा छन् । यसले असन्तुष्टहरूको आवाजलाई हेर्ने दृष्टिकोणप्रति ठूला दलहरूबीच लगभग राष्ट्रिय सहमति छ । यो प्रकरणमा सत्ता र विपक्षी भन्ने छैन । त्यसैले प्रधानमन्त्री र मुख्यमन्त्रीले असन्तुष्टको आवाज सम्बोधनमा ठोस् पहलकदमी लिएका छैनन् । जबकी यो प्रदेशको नामारण पहिचानको आधारमा हुनुपर्ने अडान र वकालतबारे कुनैपनि दल बेखर थिएन । तर ती असन्तुष्ट पक्षसँग आवश्यक छलफलको समेत नगरी रातारात प्रदेशको नामकरण गरियो । यसले अल्पमत र सीमान्त आवाज सम्बोधनमा मुख्य दलहरू प्रतिबद्ध नरहेको आशंका मिल्छ । यद्यपि नागरिकका भावना सम्बोधन गर्न सरकार र राजनीतिक नेतृत्व मुख्य चासो हो । त्यसबारे आवश्यक सम्बोधन गरेर सडकमा पोखिएका असन्तुष्टि हल गर्न तत्काल पहलकदमी लिन आवश्यक छ ।

# महाशक्तिको लडाईंसँगै उब्जेका प्रश्न

*जब ठूला-ठूला संकटहरू आउँछन् तब युद्धको खतरा बढ्छ । आज विश्व व्यवस्थामा जुन खालको अवस्था सिर्जना भएको छ, यसले युद्धको खतरा बढेको देखाउँछ । युद्धको बीउ युक्रेनबाट शुरु भएको देखिन्छ । यो झिल्कोले विश्वलाई लपेट्दैन भन्न सकिन्न ।*

अग्रलेख



● विष्णु पन्त

युक्रेन युद्धले विश्व राजनीतिमा ध्रुवीकरण बढाएको छ । रुस र युक्रेनबीच युद्ध भइरहँदा विश्व शक्ति विभाजित छ र विभाजित कित्ताभित्र अन्य शक्ति ध्रुवीकृत बनिरहेका छन् । एक वर्षदेखि चलिरहेको युद्ध अनिर्णित बन्दै छ । जसले समग्र विश्वलाई पनि विभाजित बनाएको छ । युद्ध चलिरहेकै बखत अमेरिकाले रुसी राष्ट्रपति भ्लादमीर पुटिनविरुद्ध अन्तराष्ट्रिय फौजदारी अदालतको माध्यमद्वारा हमला गरेको छ । युद्ध अपराधसम्बन्धी मुद्दामा आइ.सि.सी. अर्थात् अन्तराष्ट्रिय फौजदारी अदालतले पुटिनविरुद्ध पक्राउ पुर्जी जारी गरेको छ । उता रुसले त्यो आदेश र फैसलालाई अस्वीकार गरेको छ । वास्तवमा रुस जस्तो शक्तिशाली देशका राष्ट्रपतिलाई पक्राउ पूर्जी जारी गर्नु सामान्य घटना थिएन । रुसी शैन्य अधिकारीहरुले त अमेरिकाको ईशारामा चल्ने अन्तराष्ट्रिय फौजदारी अदालत र त्यो फैसलामा संलग्न न्यायाधिहरुलाई 'बमले उडाइदिने' सार्वजनिक धम्की पनि दिइरहेका छन् । त्यो फैसलापछि राष्ट्रपति पुटिन आफै युक्रेनको मेरियोपोलमा गएर विरोधीहरुलाई चेतावनी दिएका छन् । राष्ट्रपति पुटिनको मेरियोपोलमा अभिव्यक्ति आत्मविश्वासमा हेर्दा अनुमान गर्न सकिन्छ कि अब छिट्टै युक्रेन युद्ध निर्णायक अवस्थामा छ । अमेरिकी कदमपछि रुसले युक्रेनविरुद्ध शैन्य हमलालाई आक्रामक बनाएको छ ।

घटनाक्रमलाई हेर्दा, रुसले युक्रेनमा दीर्घकालिन युद्ध गर्ने र अमेरिकी तथा युरोपियन लगानीलाई युक्रेनमा ध्वस्त बनाईदिने रणनीति बनाएको देखिन्छ । पछिल्लो घटनाक्रमपछि रुस आफ्नो रणनीतिलाई परिवर्तन गरेको छ र उ अब युक्रेनलाई छिटो कब्जा गर्ने रणनीतिमा पुगेको छ । आजसम्मको रणनीति हेर्दा, युक्रेन तीन भागमा विभाजित भइसकेको छ । केही राज्यलाई स्वतन्त्र राज्य बनाई रुसले आफ्नो सेना राखेको छ र केही सहरहरु रुसको कब्जामा गइसकेका छन् । रुस अन्तिम आक्रमणको तयारीमा त होइन भन्ने विश्लेषणहरु भइरहेका छन् ।

वास्तवमा युक्रेन युद्धमा विश्वभर दुई धुव्र खडा भएको छ । एकातर्फ अमेरिका र नेटो गठबन्धन छ भने अर्कोतर्फ रुस, चीन, इरान र उत्तरकोरिया गठबन्धन बनेको छ । धेरै शैन्य वा युद्ध विश्लेषकहरुको निष्कर्ष छ, युक्रेनमा रुसलाई पराजित गर्न असम्भव छ । युक्रेनमा अमेरिका र नेटो गठबन्धन नराम्ररी फसिसकेको छ र अब त्यहाँबाट सकुसल निस्किन असम्भव छ । रुसको ढोकामा गएर अमेरिकी सेना लड्न सक्ने अवस्था छैन । रुसलाई जिस्क्याउनु र भड्काउनु अमेरिकाको लागि महँगो पर्नसक्छ । यो युद्धले अमेरिका र युरोपलाई अपुरणीय क्षति हुने सम्भावना बढेको छ । अमेरिका र नेटो गठबन्धनले युक्रेन युद्धलाई केही लम्ब्याउन त सक्ला तर रुसलाई हराउन सक्दैन भन्ने निष्कर्ष नै अहिलेको वास्तविक अवस्था हो ।

अवस्थालाई हेर्दा, अमेरिका र नेटो गठबन्धनले धेरै ठूलो युद्धको तयारी र विकास गरेको देखिन्छ । रुसी हमला वास्तवमै रुसको भविष्यको लागि अपरीहार्य बनेको रहेछ भन्ने रुस समर्थित विश्लेषकहरुको मत छ । वास्तवमा युक्रेन पूर्वसोभियत संघकै भूमि थियो र त्यो रुसमा गाभ्ने रुसी योजना उनीहरुका लागि स्वभाविक थियो भन्ने एउटा मत छ । उता अमेरिका र नेटो समर्थित विश्लेषकहरुको मत छ, युक्रेन स्वतन्त्र र सार्वभौम राष्ट्र हो र उसले नेटो वा अमेरिकासँग सहकार्य गर्ने अधिकार राख्दछ । रुसी विश्लेषण छ, रुसकै भूमि रुसका दुश्मनहरुसँग साँठगाँठ गरेर रुसकै विरुद्ध धावा बोल्ने कार्यलाई किमार्थ स्वीकार गर्न सकिँदैन ।

#### विश्वयुद्धको बढ्दो खतरा

कोरोना महामारी र युक्रेन युद्धसँगै विश्व आर्थिक संकटको मुखमा



*अहिलेसम्मको विश्व व्यवस्थामा अमेरिकी नीति र प्रभाव मुख्य थियो । तर, पछिल्ला संकटसँगै अमेरिका असफल बन्दै गएको देखाउँछ । यही परिस्थिति कायमै रहे अमेरिकी नीतिले सिर्जना गराएको व्यवस्था पनि सकिनेछ ।*

फसिरहेको छ । अमेरिका जस्तो देशका ठूला बैंकहरु टाट पल्टिरहेका छन् । धेरै अर्थशास्त्रीहरुले चेतावनी दिएका छन् कि सन् १९७० को भन्दा पनि ठूलो आर्थिक संकट अवश्यम्भावी बनेको छ । ख्यातिप्राप्त अमेरिकी, अर्थशास्त्रीहरु र अनुसन्धानकर्ताहरुले त भविष्यवाणी गरी सकेका छन् कि अब अमेरिका र युरोपको अवस्था निकै संकटमा पुग्दैछ । धेरैको विश्लेषण छ जब ठूला-ठूला संकटहरु आउँछन् तब युद्धको खतरा बढ्छ । त्यसकारण आज विश्वयुद्धको खतरा बढेको छ । युद्धको बीऊ युक्रेनबाट शुरु भएको छ । यो झिल्कोले विश्वलाई नै संकटमा लैजान बेर छैन ।

आज युक्रेनमा रुसविरुद्ध अमेरिका र युरोप लागेको छ । भनिन्छ, युरोप विभाजित मन लिएर युद्धमा होमिएका छन् । उता रुसले पनि सशक्त गठबन्धन बनाएको छ । रुस र चीन मिल्नासाथ बाँकी विश्व एक भएपनि सन्तुलन मिल्छ । रुस, चीन, इरान र उत्तरकोरिया अग्रमोर्चामा देखिएका छन् । उता इजरायल मामलाका कारण मुसलवान राष्ट्रहरु एक हुने अवस्थामा पुगेका छन् । पहिला अमेरिकासँग लाग्ने ठानिएको भारत अहिले रुससँगको सम्बन्धका कारण बीचमा बसेको छ । रुस, चीन र भारतबीचको सहकार्यले क्षेत्रीय शान्तिका लागि ठूलो सम्भावना बोकेको छ ।

पछिल्ला घटनाक्रमहरुलाई नियाल्ने हो भने तेस्रो विश्वयुद्धको सुरुवात भइसकेको छ । कुन बेला कहाँ के हुन्छ त्यो भन्न सकिँदैन । युक्रेनमा त युद्धको आगो दन्कीएको छ र अब यसलाई निभाउन गाह्रो छ । त्यस्तै मध्यपूर्वको वातावरण पनि अत्यन्तै प्रज्वलनशील र संवेदनशील बनेको छ । युरोप त्यस्तै भड्कीएको छ । रुसले बन्द गरिदिएको इन्धन र खाद्यान्नको संकटले युरोपमा छटपटाहट सुरु भएको छ । त्यस्तै जापान र दक्षिण कोरियाविरुद्ध उत्तरकोरिया कुनै पनि बेला युद्ध भड्किन सक्छ । भनिन्छ, जापान र दक्षिण कोरियामा पनि युक्रेनमा जस्तै अमेरिकी शैन्य तयारी भएको छ । जापानले रुसी हमलाविरुद्ध आफ्नो तयारी गरेको छ । रुसले पनि जापानको विरुद्ध हाइपरसोनिक वमहरु तैनाथ गरेको छ । कतिपय विश्लेषकहरुले भनेका छन् कि जापान यस्तो भूमि नबनाओस् जहाँ दोस्रो विश्वयुद्धको समाप्ती र तेस्रो विश्वयुद्धको सुरुवात होस् । जापानले रुस र उत्तर कोरीयाबाट सुरक्षा खतराको महसुस गरेको छ ।

#### युद्ध र मानव जातिको अस्तित्व

